# वार्षिक प्रतिवेदन

## छैटौं वार्षिक साधारण सभा
(२०७९/०९/२३)

# कोष व्यवस्थापन कम्पनी लि.
## Fund Management Company Ltd.

( कृषि विकास बैंक लि. द्वारा संस्थापित, प्रवर्द्धित तथा व्यवस्थित )

# कोष व्यवस्थापन कम्पनी लि.

## संचालक समिति



प्रताप सुवेदी
अध्यक्ष



मीनराज पोखरेल
संचालक
प्रतिनिधि- कृषि विकास बैंक लि.



सुशिल हुमागाई
संचालक
प्रतिनिधि- कृषि विकास बैंक लि.



सूर्य प्रकाश हाडा
स्वतन्त्र संचालक



दिल बस्नेत
संचालक
शेयरधनीबाट निर्वाचित



मनोज भक्त आचार्य
महाप्रबन्धक

व्यास कुमार शर्मा
कम्पनी सचिव

# कोष व्यवस्थापन कम्पनी लि.
## Fund Management Company Ltd.
(कृषि विकास बैंक लि.द्वारा संस्थापित, प्रवर्द्धित तथा व्यवस्थित)

**छैटौं वार्षिक साधारण सभा**
**(२०७९/०९/२३)**

# वार्षिक प्रतिवेदन

(संचालक समितिको प्रतिवेदन तथा आ.व.२०७८/७९ को वित्तीय विवरणहरु)

कोष व्यवस्थापन कम्पनी लिमिटेड
## Fund Management Company Ltd.

Email: fund.maco@gmail.com
सम्पर्क नं. ९८४१३७७७३३, ९८४१३७१९६५, ९८४१५२८०३८

# विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| १) | छैटौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना | १ |
| २) | वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी | २ |
| ३) | प्रोक्सी फाराम | ३ |
| ४) | संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गरेको प्रतिवेदन | ४ |
| ५) | कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको विवरणहरु | ७ |
| ६) | कम्पनीको वर्तमान संचालक समितिका पदाधिकारीहरु तथा महाप्रबन्धकको विवरण | ११ |
| ७) | साधारण सभा अवधिको नाफा/नोक्सान सारांश विवरण, लेखापरीक्षकको विवरण, लेखापरीक्षण सम्पन्न मिति, संचालकहरु तथा महाप्रबन्धकहरुको विवरण | १२ |
| ८) | आ.व.२०७८/७९ को लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरण | १३ |
| ९) | लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक र सेवा शर्त सम्बन्धमा | २७ |
| १०) | कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन सम्बन्धमा | २८ |
| ११) | कम्पनी स्थापनादेखि हालसम्मको अध्यक्षहरुको नामावली तथा कार्यकाल | ३० |
| १२) | कम्पनी स्थापनादेखि हालसम्मको संचालकहरुको नामावली तथा कार्यकाल | ३१ |
| १३) | कम्पनी स्थापनादेखि हालसम्मको महाप्रबन्धकहरुको नामावली तथा कार्यकाल | ३२ |

# कोष व्यवस्थापन कम्पनी लि.को

## छैटौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०७९/०९/०१

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कोष व्यवस्थापन कम्पनीको सञ्चालक समितिको मिति २०७९/०८/२९ मा बसेको ३३७ औं बैठकको निर्णयानुसार यस कम्पनीको साधारण सभा निम्न लिखित स्थान, मिति र समयमा निम्न विषयहरु उपर छलफल गर्न बस्ने भएकोले सबै शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**साधारण सभा हुने मिति, स्थान र समयः**

मितिः २०७९/०९/२३ गते (शनिबार)

स्थानः कृषि विकास बैंक लि. मुख्य कार्यालयको सभाहल, रामशाहपथ, काठमाण्डौ ।

समयः बिहान ११:३० बजे ।

**छलफलका विषयहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/७९ को वासलात, नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गर्ने ।
३. आर्थिक वर्ष २०७९/८० को लागि महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तिको लागि परामर्श प्राप्त हुने लेखापरीक्षकलाई यस कम्पनीको लेखापरीक्षकमा नियुक्ति गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने ।
४. विविध ।

**विशेष प्रस्तावः**

१. कम्पनीको प्रवन्धपत्र र नियमावली संशोधन सम्बन्धमा ।

**द्रष्टव्यः**

१. कम्पनीको छैटौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको कार्यालय काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ । कम्पनीको कार्यालयमा उपस्थित हुन नसक्ने आदरणीय शेयरधनी महानुभावहरुलाई तल उल्लेखित मोबाईल नम्बरमा सम्पर्क गरी उपलब्ध गराएको इमेल ठेगानामा वार्षिक प्रतिवेदन पठाइनेछ ।
२. साधारण सभामा उपस्थित हुँदा शेयरधनी महानुभावहरुले शेयर प्रमाण-पत्र वा परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपले ल्याउनु हुन अनुरोध गरिन्छ ।
३. साधारण सभा हुने दिन तोकिएको समयमा उपस्थित भई दिनु हुन अनुरोध छ । उक्त दिन बिहान १०:३० बजेदेखि शेयरधनी उपस्थिति पुस्तिका खुल्ला गरिने छ ।
४. साधारण सभा सम्बन्धी अन्य कुनै थप जानकारी चाहिएमा यस कम्पनीको कार्यालयमा वा टेलिफोन नं. ९८४१३७१९६५ वा ९८४१३७७७३३ मा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**
कोष व्यवस्थापन कम्पनी लि.

# कोष व्यवस्थापन कम्पनी लि.को
# वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरको भौतिक प्रमाणपत्र वा सोको प्रतिलिपी वा शेयरधनी परिचय नम्बर सहित सक्कल नागरिकताको प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

(२) शेयरधनी महानुभावहरुको सुविधाका लागि कम्पनी ऐन अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु कम्पनीको कार्यालयबाट शेयर प्रमाणपत्र प्रस्तुत गरी अवलोकन गर्न र प्राप्त गर्न सक्नु हुनेछ ।

(३) शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइने छ ।

(४) शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरुले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तिमा तीन दिन अगावै कम्पनीको कार्यालयमा लिखित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।

(५) सभा शुरु हुने भनी तोकिएको दिनभन्दा ४ (चार) दिन अर्थात् ९६ घण्टा अगावै कम्पनीको कार्यालयमा समयभित्र प्रतिनिधिपत्र (प्रोक्सी) फाराम दर्ता गरी सक्नु पर्नेछ । एक शेयरधनीले एक भन्दा बढी प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरेको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिईयोस भनी छुट्टै पत्र समेत लेखी पठाइएको रहेछ भने अरु सबै प्रतिनिधिपत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ दर्ता भएको प्रतिनिधिपत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । तर एक शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी पठाइएको पाईएमा त्यस्ता प्रतिनिधिपत्र (प्रोक्सी) समयमै प्राप्त भए तापनि सबै प्रतिनिधिपत्र (प्रोक्सी) वदर हुनेछ । एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य किसिमबाट छुट्याई प्रतिनिधिपत्र (प्रोक्सी) दिन पाईने छैन ।

(६) नावालक वा विक्षिप्त अवस्थाका शेयरधनीका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भई रहेको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउने छन् ।

(७) प्रतिनिधि (प्रोक्सी) मुकरर गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गरेमा प्रतिनिधि मुकरर गरिसकेको भएतापनि प्रोक्सी स्वतः वदर हुनेछ ।

(८) शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १०:३० बजेदेखि खुला रहने छ । शेयरधनी नम्वरको आधारमा हाजिरी जनाउने व्यवस्था गरिएको हुँदा शेयरधनी महानुभावहरुले आफ्नो शेयरधनी नम्वर अनिवार्य रुपमा प्रस्तुत गरी दिनु हुन समेत अनुरोध छ ।

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**
कोष व्यवस्थापन कम्पनी लि.

(कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धित)

# कोष व्यवस्थापन कम्पनी लि.को

## प्रोक्सी फाराम

श्री सञ्चालक समिति,
कोष व्यवस्थापन कम्पनी लि.
काठमाण्डौ ।

विषयः **प्रतिनिधि नियुक्त गरेको बारे ।**

............. जिल्ला ................ न.पा./गा.पा. वडा नं. ...... बस्ने म/हामी ......................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७९ साल पौष २३ गतेका दिन हुने छैटौं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ........ जिल्ला ....... न.पा./गा.पा. वडा नं. ...... बस्ने श्री ................. लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नाम :
हस्ताक्षरको नमूना :
शेयरधनी भए शेयर प्रमाणपत्र नं. :
शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं.:
मितिः

निवेदक
दस्तखतः
नामः
ठेगानाः
शेयरधनी परिचय नं.:
शेयर प्रमाणपत्र नं.:
शेयर संख्याः

द्रष्टव्यः (१) एक भन्दा बढी प्रोक्सीको नाम उल्लेख गरेमा प्रोक्सी फाराम रद्द हुनेछ ।
(२) प्रोक्सी नियुक्त गरिएको दरखास्त कम्पनीको कार्यालयमा साभारण सभा हुनुभन्दा कम्तीमा ९६ घण्टा अघि दर्ता गरी सक्नु पर्नेछ ।

---

# कोष व्यवस्थापन कम्पनी लि.

(कम्पनीको २०७९/०९/२३ गते हुने छैटौं वार्षिक साधारण सभामा उपस्थित हुनका लागि जारी गरिएको प्रवेश-पत्र)

## प्रवेश-पत्र

शेयरधनी परिचय नं.: ............ शेयर प्रमाणपत्र नं.: ..........
शेयर संख्याः ...................

शेयरधनी नामः ...............................

शेयरधनीको हस्ताक्षरः .....................

................... ................
कम्पनीको छाप कम्पनी सचिव

द्रष्टव्यः (१) शेयरधनीहरु आफैले खाली ठाँउहरुमा भर्नु हुन अनुरोध छ ।
(२) सभाकक्षमा प्रवेश गर्न प्रवेश-पत्र अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ ।

# कोष व्यवस्थापन कम्पनी लि.को
# छैटौं साधारण सभामा

संचालक समितिका अध्यक्ष श्री प्रताप सुवेदीज्यूले सञ्चालक समितिको तर्फबाट पेश गर्नु भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण सहितको

## वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

कोष व्यवस्थापन कम्पनी लि. को संचालक समितिले आव्हान गरे बमोजिम छैटौं साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई कम्पनीको संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु ।

कृषि विकास बैंक लि., बैंकका कर्मचारीहरु र सर्वसाधारण समेतको सहभागिता रहने गरी बैंकका कर्मचारीहरुको संचयकोषको रकम तथा अन्य पूँजी रकमलाई घर जग्गा व्यवसाय, संगठित संस्थाहरुको धितोपत्र तथा ऋणपत्रहरु र अन्य सम्भाव्य क्षेत्रमा लगानी गरी उक्त लगानीमा अधिकतम प्रतिफल प्राप्त गर्ने उद्देश्यका साथ मिति २०५० साल चैत्र २३ गतेका दिन कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मिति २०५०/१२/३० गतेदेखि संचालनमा आएको यस कोष व्यवस्थापन कम्पनी लि.ले विभिन्न आरोह अवरोहहरु पार गर्दै यस अवस्थासम्म आइपुगेको छ । मिति २०७९/०१/१७ मा कम्पनीको पाँचौं वार्षिक साधारण सभा सम्पन्न भई सकेको र नियमित रुपमा साधारण सभा गर्दै जाने सिलसिलामा आजको छैटौं साधारण सभा सम्पन्न गर्न उपस्थित हुनु भएका सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु, विभिन्न निकायका प्रतिनिधिज्यूहरु लगायत उपस्थित सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस कम्पनीको प्रबन्धपत्र र नियमावलीमा व्यवस्था भए अनुसार कम्पनीले स्थापना कालदेखि नै घरजग्गा खरीद बिक्री, शेयर, वण्ड, डिवेञ्चरहरुमा लगानी गर्ने व्यवस्था गर्दै आइरहेकोमा आफ्नो व्यवसाय विस्तार गर्ने उद्देश्यले विगत केही वर्षदेखि दोश्रो बजारमा शेयर खरिद बिक्री सम्बन्धी कारोबार गर्दै आइरहेको व्यहोरा यस अवसरमा जानकारी गराउन चाहन्छु ।

कोष व्यवस्थापन कम्पनीको वित्तीय अवस्था सन्तोषजनक नै रहेको र नियमित रुपमा वार्षिक साधारण सभा गर्न समयमा नै लेखापरीक्षण कार्य सम्पन्न गरी आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदन तथा आर्थिक विवरणहरु तपाईहरुका सामु आज अनुमोदनका लागि पेश गर्न पाउँदा खुशी महशुस गरेको छु ।

अब म कम्पनीको गत वर्षको कारोवारको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु । यस अवधिको वित्तीय विवरण र सोसँग सम्बन्धित अनुसूचीहरु यसै प्रतिवेदन साथ संलग्न रहेको जानकारी समेत गराउँदछु ।



**गत वर्षको कारोवारको संक्षिप्त विवरणः**

आर्थिक वर्ष २०७८/७९ को अवधिमा बैंकमा राखिएको निक्षेप रकमको व्याजबाट रु.१३,२०,७७९।९७, ऋणपत्रको व्याजबाट रु.७३,०७१।-र शेयर खरीद बिक्री कारोबारबाट रु.३४,७०,६६४।- समेत जम्मा रु.४८,६४,५१४।९७ आम्दानी र कर्मचारी खर्च, कार्यालय खर्च र अन्य खर्च बापत जम्मा रकम रु.३६,७२,५३०।९१ कटाई उक्त आर्थिक वर्षमा कम्पनीले संचालन मुनाफा आर्जन गर्न सफल भएको छ भने लाभांश आय, कर्मचारी बोनस तथा आयकर हिसावको समायोजन गर्दा यस वर्षको नाफा हिसाव रकम रु.१०,१०,९९०।६९ रहेको छ ।

**अब म कम्पनीको विद्यमान अवस्थाको बारेमा बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१) वि.सं. २०५० सालदेखि संचालनमा रहेको यस कम्पनी आ.व. २०७८/७९ मा पनि मुनाफामा संचालन भएको र संचित मुनाफा करिब रु.२ करोड ७ लाख रहेको हुँदा वित्तीय रुपमा सक्षम रहेको ।

२) कम्पनीले जग्गा, विभिन्न धितोपत्रहरु तथा मुद्दती निक्षेपमा लगानी गरिरहेको ।

३) अधिकांश शेयर स्वामित्व कृषि विकास बैंक लि.को रहेकोले बैंकको सहायक कम्पनीको रुपमा रहेको ।

४) संचालन र कर्मचारी खर्चमा मितव्ययिता कायम गरी न्यूनतम दायित्वमा संचालन गरिएको ।

५) कम्पनीको लेखापरीक्षण कार्य निरन्तर र नियमित रुपमा भई रहेको । महालेखापरीक्षकको कार्यालयले नियुक्त गरी पठाएको लेखापरीक्षकबाट बार्षिक रुपमा कम्पनीको लेखापरीक्षण कार्य हुने गरेको ।

६) कम्पनीले नियमानुसार बुझाउनुपर्ने कर दायित्व नियमित भुक्तानी भईरहेको तथा आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्र अध्यावधिक गर्न आवश्यक कागजातहरु पेश भई सकेको ।

७) कम्पनीको पुराना लिनुपर्ने दिनुपर्ने हिसावहरु अध्यावधिक रहेको ।

८) यस अघिको साधारण सभाबाट स्वीकृत भएको लाभांश रकम सम्बन्धित शेयरधनीहरुबाट उपलब्ध भएसम्मका बैंक खातामा जम्मा गर्ने कार्य भई सकेको ।

९) कम्पनीले दैनिक संचालनका नियमित कार्यहरु तथा पूँजी बजारको दोश्रो बजारमा लगानी सम्बन्धी कार्यहरु गर्दै आइरहेको ।

१०) कम्पनीको आ.व.२०७८/७९ सम्मको बुझाउनु पर्ने सबै अभिलेखहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा अध्यावधिक भई सकेको ।

११) कम्पनीले गर्न सक्ने थप व्यवसाय सञ्चालनका लागि प्रवन्धपत्र र नियमावलीमा समय सापेक्ष संशोधन गर्नुपर्ने आवश्यकता रहेकोले यस साधारणसभामा संशोधन प्रस्ताव पेश गरिएको ।

१२) कम्पनी संचालनका लागि आवश्यक नीति, नियम, कार्यविधि एवं निर्देशिका आवश्यकता अनुसार तर्जुमा भई रहेको ।

१३) कम्पनीलाई थप व्यावसायिक रुपमा सञ्चालन गर्न आवश्यक रहेकोले पूँजी व्यवस्थापनका लागि विभिन्न प्रयासहरु गरिएको ।

१४) कम्पनीको भावी कार्य योजना अनुसार प्रचलित ऐन कानूनको अधिनमा रही सम्बन्धित निकायको स्वीकृति लिई सम्भाव्यताको आधारमा कम्पनीले मर्चेण्ट बैंकिङ्ग कारोबार र धितोपत्र व्यवसायीको रुपमा गर्न पाउने काम कारवाही गर्न कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संचालक समितिबाट संशोधन भई सकेको । उपरोक्त बमोजिमको आवश्यक कार्य अघि बढाउन कम्पनीमा थप चुक्ता पूँजी आवश्यक पर्ने, पर्याप्त जनशक्ति तथा आवश्यक पूर्वाधारको व्यवस्था गर्नुपर्ने र नेपाल धितोपत्र बोर्डबाट नियमानुसार इजाजतपत्र लिनु पर्ने व्यवस्था रहेको ।

**कम्पनीका आगामी कार्य योजनाहरुः**

कोष व्यवस्थापन कम्पनी लि.को उद्देश्य, हालसम्म भए गरेका कार्यहरु, विद्यमान कानूनी अवस्था, सम्पत्ति तथा दायित्वको अवस्था, कम्पनीका सवल तथा दुर्वल पक्षहरु, अवसर तथा चुनौतीहरु, व्यवस्थापकीय, वित्तीय, कारोवारहरुको यथार्थ स्थितिको अध्ययन तथा कम्पनीमा रहेको मौजुदा पूँजीको आधारमा हालको वित्तीय बजारको सम्भावनालाई समेत दृष्टिगत गर्दा कम्पनीको आर्थिक अवस्था सबल नै रहेको देखिन्छ ।

नेपाल धितोपत्र बोर्ड, धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार मर्चेण्ट बैंकरले गर्ने ५ प्रकारका कार्यहरु धितोपत्रको निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य, धितोपत्र खरिद गर्न प्रत्याभूति (अण्डरराइटिङ्ग) दिने कार्य, धितोपत्रहरुको अभिलेख राख्ने तथा नामसारी लगायत

शेयर रजिष्ट्रेशन सम्बन्धी सेवा दिने कार्य, ग्राहकका लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य र संस्थागत परामर्श सेवा प्रदान गर्ने कार्यहरु मध्ये हाल नेपाल धितोपत्र बोर्डबाट प्रत्याभूति (अण्डरराइटिङ्ग) गर्ने कार्य, ग्राहकको लागि लगानी व्यवस्थापन सम्बन्धी कार्य र संस्थागत परामर्श सेवा प्रदान गर्ने कार्यहरु गर्ने गरी मात्र इजाजत दिने व्यवस्था रहेको व्यहोरा जानकारी गराउँदछु ।

प्रचलित नियमावलीमा भएको प्रावधान अनुसार उपरोक्त बमोजिमको सबै कार्यहरु गर्ने गरी इजाजतपत्र प्राप्त गर्नको लागि न्यूनतम चुक्ता पूँजी रु.२० करोड आवश्यक पर्ने र हाल इजाजतपत्र दिन मिल्ने कामहरुको लागि न्यूनतम चुक्ता पुँजी रु.१५ करोड आवश्यक पर्ने व्यवस्था भएको र यस कम्पनीको वर्तमान चुक्ता पुँजी रु.३,१०,४८,०००।- मात्र रहेको, समग्र बजारको अवस्था तथा सम्भाव्यता, कम्पनीको सांगठनिक अवस्था, जनशक्तिको अवस्था र अन्य पूर्वाधारको अवस्थालाई समेत मध्यनजर गरी तत्काल यी सबै व्यवस्थाहरु गरी मर्चेण्ट बैंकिङ्ग कारोबारको प्रक्रिया अगाडि बढाउन उपयुक्त हुने नदेखिएकोले निष्काशन तथा बिक्री प्रबन्ध सम्बन्धी कार्य र शेयर रजिष्ट्रेशन सम्बन्धी सेवा समेत दिने इजाजतपत्र प्राप्त हुने व्यवस्था भएपछि मात्र मर्चेण्ट बैंकिङ्गको इजाजतपत्र लिई आवश्यक प्रक्रिया अगाडि बढाउन उपयुक्त हुने र हाल अर्को वैकल्पिक क्षेत्रमा प्रवेश गर्ने परिस्थिति तत्काल नदेखिएकोले वर्तमान व्यवसायलाई नै थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने व्यहोरा जानकारी गराउन चाहन्छु ।

यस सम्बन्धमा यस साधारण सभाबाट प्राप्त हुने निर्णयहरुको अध्ययन गरी आवश्यक कानूनी प्रक्रियाहरुको पालना गर्दै आगामी आर्थिक वर्षमा यथाशिघ्र छिटो कम्पनीको वार्षिक साधारण सभा आयोजना गरिने र सोही साधारण सभामा कम्पनीको आगामी कार्य दिशाको योजना सहितको प्रस्ताव पेश गर्ने योजना रहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु । साथै, आगामी वर्षमा कम्पनीको मुनाफामा अझ बृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल दिन सकिने प्रतिवद्धता समेत प्रकट गर्न चाहन्छु ।

**अन्त्यमा,**

यस कोष व्यवस्थापन कम्पनी लि. सञ्चालन गर्ने क्रममा हामीलाई सहयोग गर्ने कृषि विकास बैंक लि., कम्पनी रजिष्ट्रारको कार्यालय, महालेखापरीक्षकको कार्यालय, लेखापरीक्षकज्यू, आदरणीय शेयरधनी महानुभावहरु लगायत सरोकारवाला सबैप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसैगरी यस कम्पनीको सञ्चालक समितिका पूर्व अध्यक्षज्यूहरु तथा पूर्व सञ्चालकज्यूहरुले कम्पनी सञ्चालनमा गर्नुभएको योगदान र मार्गदर्शनको लागि हार्दिक धन्यवाद र यस कम्पनीका सम्पूर्ण कर्मचारीलाई पनि विशेष धन्यवाद व्यक्त गर्दै यस छैटौं साधारण सभामा पेश गरिएका प्रस्तावहरु माथि छलफल गरी स्वीकृतिको लागि अनुरोध गर्दै संलग्न अनुसारको प्रतिवेदन पेश गरेको छु ।

धन्यवाद ।

संचालक समितिका तर्फबाट
**प्रताप सुवेदी**
अध्यक्ष

मितिः २०७९ पौष २३ गते शनिवार ।

## कोष व्यवस्थापन कम्पनी लि.

(कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिमको विवरणसँग सम्बन्धित)

(क) **विगत वर्षहरुको कारोवार सिंहावलोकन:**

आ.व. २०७४/७५ देखि २०७८/७९ सम्मको कम्पनीको आर्थिक विवरणहरु निम्नानुसार रहेको छः

(रकम रु. हजारमा)

| विवरण/आ.व. | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ३१०४८ | ३१०४८ | ३१०४८ | ३१०४८ | ३१०४८ |
| संचित नाफा (नोक्सान) | -३३८६ | १६४०२ | १९७७६ | १९६९३ | २०७०४ |
| दायित्व | २१६३२ | ४३५२ | ४१७० | ५९९३ | ५७४३ |
| नगद तथा बैंक मौज्दात | ४२७ | २२७७२ | २४१९५ | २५६४४ | १९९५० |
| पेश्की तथा पाउनु पर्ने | २३११ | २७७ | १९४१ | २१५३ | २७८८ |
| लगानी | ४४१३७ | २६३३६ | २६४७३ | २६५६८ | ३२३६८ |
| चालु सम्पत्ति | २२३३ | २२३३ | २२३३ | २२३३ | २२३३ |
| कूल आम्दानी | २१२ | २८२२८ | ३४०१ | ५१५० | ५०८३ |
| कर्मचारी/संचालन खर्च | ५१८३ | २२६६ | २४९१ | २९६२ | ३६७३ |
| संचालन नाफा | -४९७१ | २५९६२ | ९११ | २१८९ | ११९२ |
| खुद नाफा | -४९७१ | १९७८७ | ३३७४ | १५५१ | १०११ |
| शेयर संख्या (कित्ता) | ३१०४८० | ३१०४८० | ३१०४८० | ३१०४८० | ३१०४८० |

(ख) **राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असर:**

विश्वव्यापीस्तरमा महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण र त्यसले अर्थतन्त्रमा पारेको नकारात्मक असर सँगसँगै नेपालको वित्तीय वजारमा देखिएको तरलताको असहज अवस्था तथा देशको केन्द्रीय बैंकको रुपमा रहेको नेपाल राष्ट्र बैंकले लिएको नीतिगत व्यवस्थाका कारणले समेत कम्पनीको कारोवारमा प्रभाव पारेको छ ।

(ग) **प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने विषयको सम्बन्धमा सञ्चालक समितिको धारणा:**

**(१) आर्थिक बर्ष २०७९/८० को मार्ग मसान्तसम्मको प्रगति विवरण:**

| क्र.सं. | विवरण | २०७९ मार्ग मसान्तसम्म |
|---|---|---|
| १ | शेयर पूँजी | ३,१०,४८,०००।०० |
| २ | संचित नाफा (नोक्सान) | २,०४,५२,३४६।०० |
| ३ | दायित्व | ५५,०५,०७०।८८ |
| ४ | नगद तथा बैंक मौज्दात | १८६,४०,४१२।९३ |
| ५ | पेश्की तथा पाउनु पर्ने | २३,२६,४५४।५१ |
| ६ | लगानी | ३,३८,१७,६३४।०० |
| ७ | चालु सम्पत्ति | २२,३२,६१२।०० |
| ८ | कूल आम्दानी | ११,१४,७६१।४४ |

| | | |
|---|---|---|
| ९ | कर्मचारी/संचालन खर्च | १३,६६,१६०.१६ |
| १० | संचालन नाफा | (३,०३,४०३।६६) |
| ११ | खुद नाफा | (२,५१,३९८।७२) |

(२) **आ.व. २०७९/८० को लागि प्रमुख नीति तथा कार्यक्रम देहाय बमोजिम रहेको छः**

(क) कम्पनीको नियमित संचालनमा रहेका कार्यक्रमहरु यथावत संचालन गर्ने ।

(ख) कम्पनीलाई मर्चेण्ट बैंकिङ्ग वा बीमा अभिकर्ता वा शेयर ब्रोकर वा अन्य सम्भाव्य कुन क्षेत्रमा राम्रोसँग काम गर्न सकिन्छ भन्ने विषयमा आवश्यकतानुसार विशेषज्ञको राय सुझाव समेत लिई थप अध्ययन गर्ने ।

(ग) कम्पनीको आगामी कार्यदिशा निर्धारणका लागि वर्कशप वा कार्यशाला गोष्ठी कार्यक्रम संचालन गर्ने ।

(घ) दोश्रो बजारमा शेयर खरिद बिक्री कारोवार भई रहेको सन्दर्भमा सम्भाव्यताको आधारमा मौजुदा शेयर बिक्री तथा विभिन्न कम्पनीका शेयरहरु खरिद बिक्री गरी आय आर्जन गर्ने ।

(ङ) कम्पनीको लगानी रहेका कम्पनीहरुले जारी गरेका हकप्रद शेयरहरु खरिद गर्ने तथा नगद लाभांश रकम संकलन गरी परिचालन गर्ने ।

(च) आ.व.२०७९/८० को कारोवारको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्तिका लागि आवश्यक कार्यहरु गरी समयमा नै लेखापरीक्षण कार्य सम्पन्न गर्ने ।

(छ) चितवन जिल्लास्थित भरतपुर महानगरपालिकामा रहेको जग्गामा यस कम्पनीबाट भएको लगानी परिचालनका सन्दर्भमा स्थलगत तथा गैर स्थलगत अध्ययन गरी जग्गाको सुरक्षा तथा अन्य उचित व्यवस्थापन गर्ने ।

(ज) कम्पनीको कारोवार संचालन गर्नको लागि आवश्यक नीतिगत व्यवस्था तथा कार्यविधिहरुको तर्जुमा सम्बन्धी कार्यहरु गर्ने ।

(झ) कृषि विकास बैंक लि. को भगिनी संस्थाको रुपमा समाहित भई व्यवसाय गर्न आवश्यक कार्यहरु गर्ने ।

(ञ) कृषि विकास बैंक लि. को निर्देशन तथा संचालक समितिको निर्णय अनुसारका आवश्यक अन्य कार्यहरु गर्ने ।

**(घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्धः नभएको ।**

**(ङ) संचालक समितिमा भएको हेरफेर र सोको कारणः**

कोष व्यवस्थापन कम्पनी लि. को प्रवन्धपत्र र नियमावलीमा भएको व्यवस्था अनुसार ३ जना सञ्चालकहरु कृषि विकास बैंक लि. बाट प्रतिनिधित्व हुने व्यवस्था रहेको र बैंकबाट प्रतिनिधित्व गर्ने पदाधिकारी अवकाश भएको वा सरुवा भएको वा जिम्मेवारी परिवर्तन भएको अवस्थामा बैंकको निर्णय अनुसार कम्पनीको सञ्चालक समितिमा सञ्चालक परिवर्तन हुने गरेको । निर्वाचित तथा मनोनित सञ्चालकहरुको पदावधि कम्पनीको प्रवन्धपत्र र नियमावलीको व्यवस्था अनुसार हुने गरेको ।

**(च) कारोवारलाई असर पार्ने मुख्य कुराहरुः**

कोभिड-१९ को असर र रुस युक्रेन युद्ध लगायत अन्य कारणहरुले विश्व बजारमा परेको प्रभावका अतिरिक्त देशको अर्थतन्त्रमा देखा परेको नकारात्मक परिवर्तनका साथै बजारमा तरलताको असहज अवस्थाको कारणले पर्न सक्ने असर ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रियाः**

**नभएको ।**

(ज) **लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकमः**

**नभएको ।**

(झ) **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सोको विवरणः**

**नभएको ।**

(ञ) **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकनः**

विगत आर्थिक वर्षमा कम्पनीको आर्थिक अवस्था राम्रो रहेको र यस वर्ष पनि कम्पनीको आर्थिक अवस्था सकारात्मक नै रहने अपेक्षा रहेको । यस कम्पनीको कुनै सहायक कम्पनी नभएको ।

(ट) **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तनः**

उक्त आर्थिक वर्षमा कम्पनीले नयाँ कारोवार शुरु नगरेको तथा कुनै परिवर्तन नभएको ।

(ठ) **विगत आर्थिक वर्षमा कम्पनीका आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारीः**

साधारण सभा समयमा नै सम्पन्न गर्नुपर्ने जानकारी गराइएको ।

(ड) **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारीः**

(१) संचालक सूर्य प्रकाश हाडा, शेयर संख्या २०० कित्ता

(२) संचालक दिल बस्नेत, शेयर संख्या २०० कित्ता

(ढ) **विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोराः नभएको ।**

(ण) **कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकमः**

**नभएको ।**

(त) **आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरणः**

कम्पनीको संगठनात्मक संरचना, मौजुदा जनशक्तिको अवस्था आदि कारणले गर्दा आन्तरिक प्रणाली पर्याप्त नभएको ।

(थ) **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरणः**

(रकम रु.)

| क्र. सं. | विवरण | आ.व. २०७८/७९ | आ.व. २०७७/७८ |
|---|---|---|---|
| १ | कर्मचारी खर्च | २१,६२,०२०।०० | २०,४६,२४५।०० |
| २ | अन्य संचालन खर्च | १५,१०,५१०।९१ | ९,१५,५५५।६८ |

(द) **लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारवाहीको विवरण र समितिले कुनै सुझाव दिएको भए सोको विवरणः**

**नभएको ।**

(ध) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुराः**

**नभएको ।**

(न) **सञ्चालक, प्रवन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

आ.व. २०७८/७९ मा कम्पनीका संचालकहरुलाई उपलब्ध गराएको कुल बैठक भत्ताः रु.२,७६,०००।-
आ.व. २०७८/७९ मा कम्पनीका महाप्रबन्धकलाई उपलब्ध गराएको कुल पारिश्रमिकः रु.२,६३,५१०।-
आ.व. २०७८/७९ मा लेखापरीक्षकलाई उपलब्ध गराएको कुल पारिश्रमिकः रु.७५,०००।-

(प) **शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकमः**

आ.व.२०७८/७९ सम्ममा शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांश रकम रु.३२,१७,६८०।-

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरणः**

**नभएको ।**

(ब) **दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोवारको विवरणः**

**नभएको ।**

(भ) **यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुराः**

सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु आवश्यक ठाउँमा खुलाइएको छ ।

(म) **अन्य आवश्यक कुराहरुः**

नभएको ।

# कोष व्यवस्थापन कम्पनी लि.

## कम्पनीको वर्तमान सञ्चालक समितिका पदाधिकारीहरु तथा महाप्रबन्धकको विवरण

| क.सं. | सञ्चालक/महाप्रबन्धकको नाम | पद | नियुक्ति मिति | प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | श्री प्रताप सुवेदी | संचालक समिति अध्यक्ष | २०७९/०३/२३ | कृषि विकास बैंक लि.बाट मनोनित |
| २ | श्री मीनराज पोखरेल | संचालक समिति सदस्य | २०७८/०९/११ | कृषि विकास बैंक लि.बाट मनोनित |
| ३ | श्री सुशिल हुमागाईं | संचालक समिति सदस्य | २०७७/०९/१५ | कृषि विकास बैंक लि.बाट मनोनित |
| ४ | श्री सूर्य प्रकाश हाडा | संचालक समिति सदस्य | २०७८/०२/१४ | स्वतन्त्र सञ्चालक, सञ्चालक समितिबाट नियुक्त |
| ५ | श्री दिल बस्नेत | संचालक समिति सदस्य | २०७८/०३/२६ | चौथो साधारण सभाबाट निर्वाचित |
| ६ | श्री मनोज भक्त आचार्य | महाप्रबन्धक | २०७८/१०/१२ | कृषि विकास बैंक लि.बाट नियुक्त |

# कोष व्यवस्थापन कम्पनी लि.

## साधारण सभा अवधिको नाफा नोक्सान सारांश विवरण, लेखापरीक्षकको विवरण, लेखा परीक्षण सम्पन्न मिति र संचालक समितिका पदाधिकारीहरु तथा महाप्रबन्धकहरुको विवरण

साधारण सभा अवधिको लेखापरीक्षकको विवरण, लेखा परीक्षण सम्पन्न मिति, कम्पनीको नाफा/नोक्सानको अवस्था, संचालक समितिका पदाधिकारीहरु तथा महाप्रबन्धकहरुको नामावलीको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नाफा/नोक्सान | लेखापरीक्षण समाप्त मिति | लेखापरीक्षक | संचालक समितिका पदाधिकारीहरु तथा महाप्रबन्धकहरुको नामावली |
|---|---|---|---|---|---|
| १ | २०७८/७९ | १०,१०,९९०६९ | २०७९/०८/०७ | सि.ए. प्रकाश दत्त भट्ट प्रोप्राईटर पि. भट्ट एण्ड एशोसियट्स | श्री दीर्घ बहादुर अर्याल (अध्यक्ष)<br>श्री प्रेम कुमार श्रेष्ठ (अध्यक्ष)<br>श्री प्रताप सुवेदी (अध्यक्ष)<br>श्री निर्मल प्रसाद उपाध्याय (संचालक)<br>श्री मीनराज पोखरेल (संचालक)<br>श्री सुशिल हुमागाईं (संचालक)<br>श्री सूर्य प्रकाश हाडा (संचालक)<br>श्री दिल बस्नेत (संचालक)<br>श्री नारायण प्रसाद आचार्य (महाप्रबन्धक)<br>श्री मनोज भक्त आचार्य (महाप्रबन्धक) |

COP No.: 650
Pan No.: 305088848
Firm regd.no.: 547
Bhimdatt-6, Mahendranagar, Kanchanpur
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com

**P. BHATTA & ASSOCIATES**
Chartered Accountants

**कोष व्यवस्थापन कम्पनी लिमिटेडका**
**शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**राय**

हाम्रो रायमा, प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरेका बुदाले पारेका प्रभाव वाहेक, संलग्न वित्तीय विवरणहरुले **कोष व्यवस्थापन कम्पनि लिमिटेड**को (यस पछि 'कम्पनी' भनिएको) को २०७९ आषाढ मसान्तको वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनका अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

हामीले कम्पनीको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सानको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**रायका आधारहरु**

हामीले हाम्रो लेखापरीक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तिय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले लेखापरीक्षकको निम्ति जारी गरेको आचार संहिता बमोजिम हामी यस कम्पनीबाट स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामीले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेका छौं । हाम्रो लेखापरीक्षणबाट प्राप्त लेखापरीक्षण प्रमाणहरु हाम्रो मन्तव्यलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

**वित्तीय विवरणप्रति व्यबस्थापन तथा शासनसँग जिम्मेवारको जिम्मेवारी**

नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यबस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा कम्पनीको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यबस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ । सुशासनसँग जिम्मेवारको जिम्मेवारी संस्थाको वित्तीय प्रतिवेदनको प्रकृया निरीक्षण गर्नुपर्दछ ।

COP No.: 650
Pan No.: 305088848
Firm regd.no.: 547
Bhimdatt-6, Mahendranagar, Kanchanpur
Ph No.: +977-09-524249
Mobile: +977-9858751089
Email: pbhatta.associates@gmail.com



**वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी**

व्यबस्थापनले तयार गरेको वित्तीय विवरण उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो जिम्मेवारी हो ।

हामीले नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । यी लेखापरीक्षणमानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँदछन् ।

